नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति-२०७४/०९/२६

## प्रेश विज्ञप्ति

मिति २०७४।०९।०४ गते विहान ०१:३० बजेको समयमा सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोक परिसर भित्र रहेको सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको केन्द्रिय लेखा शाखाको स्टोरमा आगलागी भई कोठाभित्र रहेका विभिन्न महत्वपुर्ण कागजातहरु तथा जिन्सी सामानहरु जलि नष्ट भएको हुँदा सो सम्बन्धमा सत्य तथ्य पत्ता लगाई प्रतिवेदन पेश गर्न सम्माननीय प्रधानमन्त्री एवं गृहमन्त्रीस्तरको मिति २०७४।०९।०५ को निर्णयानुसार यस मन्त्रालयका सहसचिवको संयोजकत्वमा ५ (पाँच) सदस्यीय छानविन समिति गठन भएकोमा उक्त समितिले मिति २०७४।०९।२३ गते श्रीमान् सचिवज्यू समक्ष प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदनले उल्लिखित घटना सुनियोजित तरिकाले घटाई महत्वपूर्ण श्रेस्ता तथा कागजातहरु नष्ट गरी प्रमाण लोप गर्ने मनसायले घटाईएको हो भन्ने निश्कर्ष प्रस्तुत गर्दै थप अनुसन्धातको आवश्यकता औंल्याएको छ । उक्त प्रतिवेदन कार्यान्वयनको क्रममा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको आर्थिक प्रशासन निर्देशनालय र अन्य शाखामा कार्यरत उक्त घटनामा संलग्न दोषी सशस्त्र प्रहरी कर्मचारीहरुलाई तत्काल जिम्मेवारीबाट मुक्त गरी कानून बमोजिम कारवाही गर्न सशस्त्र प्रहरी बल, नेपालमा लेखी पठाइएको छ । यसै गरी नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरोबाट उक्त आगलागी घटनाको थप अनुसन्धान गर्न आवश्यक देखिएकोले सोका लागि नेपाल प्रहरीका प्रहरी महानिरीक्षकलाई लेखी पठाइएको छ । साथै यस घटनामा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान भईरहेको विषय समेतसँग सम्बन्धित कागजात नष्ट भएको हुन सक्ने हुँदा सम्मानित आयोग समक्ष लेखी अनुरोध गरी पठाईएको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

०७४।९।२६

(नारायण प्रसाद शर्मा दुवाडी)

सह सचिव/प्रवक्ता